नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :-
च.नं. :

मिति : २०८२।०१।०३
ने.सं.११४५, चौलागा तृतीया

## हार्दिक अनुरोध

विद्यालय शिक्षामा विद्यार्थी, अभिभावक, शिक्षक र अन्य सरोकारवालाले माध्यमिक तहमा गरिने सिकाइ उपलब्धिको मूल्याङ्कनलाई विशेष महत्त्वका साथ हेर्ने गरेको पाइन्छ। यसै कार्यको शिलशिलामा वार्षिक कार्ययोजना अनुसार हाल कक्षा १० को एसईई परीक्षा सम्पन्न भै परीक्षाका उत्तर पुस्तिकाको परीक्षण र २०८२ वैशाख ११ गतेदेखि शुरु हुने कक्षा १२ को अन्त्यमा हुने माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाका लागि राष्ट्रिय परीक्षा बोर्डबाट कार्यहरु हुँदै आएका छन्। यी दुबै कार्यमा राष्ट्रिय परीक्षा बोर्डको संयोजनकारी भूमिका रहने र प्राथमिक, संवेदनशील र महत्वपूर्ण भूमिका प्रबुद्ध शिक्षक वर्गको नै रहने कुरा सबैलाई जानकारी भएकै विषय हो। यस बेला एकातर्फ शिक्षकहरू नेपाल शिक्षक महासंघको नेतृत्वमा आफ्नो पेसागत हकहितका लागि शिक्षा विधेयकलाई ऐनका रूपमा चाँडो पारित गरियोस् भन्ने मागसहित आफ्नो अपिल सरकार सामु प्रस्तुत गरिरहनुभएको छ भने अर्कोतर्फ कक्षा १० को परीक्षा सकेर बसेका विद्यार्थी आफ्नो सुनिश्चित भविष्यका लागि नतिजा पर्खिरहेको अवस्था छ। अभिभावकहरू समेत आफ्ना सन्तानको गुणस्तरीय शिक्षा र उज्वल भविष्यको योजना बनाइरहनुभएको छ । कक्षा १२ का विद्यार्थीहरु विद्यालय तहको अन्त्यमा राष्ट्रिय रुपमा लिइने माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा दिनका लागि उत्सुकताका साथ पर्खाइमा रहेका छन्। विद्यार्थीले विद्यालय जीवनभरी गरेको उपलब्धिको प्रमाणपत्र प्राप्त गर्नका लागि पर्खिरहेको कक्षा १२ को परीक्षा आफ्ना बालबालिकालाई अभिभावकले गरेको लगानी, गुरु वर्गले आफ्ना विद्यार्थीलाई गरेको मिहिनेत तथा सरकारले गरेको लगानी समेतको सूचक भएको हुनाले यो तहको परीक्षा अत्यन्तै संवेदनशिल र मानवीय पक्ष हो भन्ने विषयमा हामी सबै स्पष्ट नै हुनुपर्दछ। वर्तमान अवस्थामा कक्षा १० को परीक्षा दिइसकेका विद्यार्थीलाई समयमै नतिजा दिन उत्तरपुस्तिकाको परीक्षण गर्ने र कक्षा १२ को अन्त्यमा राष्ट्रिय रुपमा हुने परीक्षा सञ्चालन व्यवस्थापन गर्ने यी दुवै जिम्मेवारीहरु प्रबुद्ध शिक्षकवर्गको सहभागिताबाट मात्र सम्पन्न हुन सक्छ। विद्यार्थीको गुणस्तरीय सिकाई उपलब्धिका लागि शिक्षकको पेशागत सुरक्षा र प्राज्ञिक उन्नयन तथा विद्यार्थीको अवसर र प्राथमिकता सँगसँगै जानुपर्ने विषयहरु हुन्। यिनै पक्षहरुभित्र आफ्ना पेसागत हकहित र सुरक्षा सँगसँगै आफ्ना आज्ञापालक विद्यार्थीको भविष्य एवम् प्राथमिकताको संवेदनशिल पक्षलाई समेत आत्मसात गर्दै पेसागत उत्तरदायित्वकै रूपमा उत्तरपुस्तिका परीक्षण र कक्षा १२ को परीक्षा सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारीमा रही सदा झैं सहयोग र सहभागिताका लागि राष्ट्रिय परीक्षा बोर्डको तर्फबाट पुनः नेपाल शिक्षक महासङ्घ, विद्यालयका प्रधानाध्यापक तथा समग्र शिक्षक वर्गसँग हार्दिक अनुरोध गरिन्छ। साथै सम्पूर्ण विद्यार्थीहरुलाई परीक्षा तयारीका लागि धैर्यताका साथ निरन्तर लाग्न अनुरोध गर्दै यस सम्बन्धमा अभिभावक तथा अन्य सम्बन्धित सरोकारवाला पक्षबाट समेत समन्वय र सहयोगको अपेक्षा गरिन्छ।

धन्यवाद !

२०८२।१।२

डा.महाश्रम शर्मा
अध्यक्ष
राष्ट्रिय परीक्षा बोर्ड